# वाद्यवादनका सामग्री सहयोग सम्बन्धी कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२

<u>प्रस्तावनाः</u> कर्णाली प्रदेशमा परम्परादेखि प्रचलनमा रहेका कला संस्कृति संगीत लगायतका विषयवस्तुहरूलाई संरक्षण र संवर्द्धन गर्नका लागि वाद्यवादनका सामग्री उपलब्ध गराई सहयोग गरी यस प्रदेशका कला संगीत संस्कृति लगायतको संरक्षण र संबर्द्धन गर्न आर्थिक वर्ष २०८२/०८३ मा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकोले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६१ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले यो मापदण्ड बनाई जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "वाद्यवादनका सामग्री सहयोग सम्बन्धी कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२" रहेको छ।

(२) मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ख) "वाद्यवादनका सामग्री" भन्नाले अनुसूचीमा उल्लेख भएका वाद्यवादनका सामग्री सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले दफा ४ बमोजिम गठित मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्छ।

३. <u>कार्यक्रम सञ्चालन विधिः</u> (१) मन्त्रालयले कम्तीमा तीस दिनको सूचना प्रदेशस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालय एवं जिल्लास्थित सामाजिक विकास कार्यालयको वेबसाइट र सूचना पाटीमा समेत प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनामा तोकेको म्यादभित्र इच्छुक संघ संस्थाले सूचनामा तोकिए बमोजिमको कागजात सहित अनुसूचीमा उल्लेख भएका वाद्यवादनका सामग्री माग गर्नका लागि आवेदन पेश गर्नु पर्नेछ।

४. <u>छनोट समितिको गठनः</u> (१) दफा ३ को उपदफा (२) बमोजिम आवेदन प्राप्त भएपछि उक्त आवेदनको मूल्याङ्कन तथा छनोट गरी मन्त्रालयसमक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छनोट समिति गठन हुनेछः-

| | |
|---|---|
| (क) प्रमुख, युवा तथा खेलकुद महाशाखा मन्त्रालय | -संयोजक |
| (ख) निर्देशक, शिक्षा विकास निर्देशनालय | -सदस्य |
| (ग) संयोजकले छनौट गरेको कला संस्कृति संगीत विज्ञ दुईजना | -सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | -सदस्य |



मा. मन्त्री

(ङ) शाखा प्रमुख, युवा तथा खेलकुद शाखा, मन्त्रालय -सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयविज्ञ तथा सम्बन्धित शाखाका कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि तथा मूल्याङ्कनका आधारहरु समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>वाद्यवादनका सामग्री उपलब्ध गराउने आधारः</u> समितिले वाद्यवादनका सामग्री सहयोगको लागि सिफारिस गर्दा देहाय बमोजिमका विषयलाई आधार बनाउनु पर्नेछः-

(क) नियमानुसार संस्था दर्ता भई एक वर्ष (आवेदन बुझाउने अन्तिम दिनको दिन) पूरा गरेको र नवीकरण भएको हुनुपर्ने,

(ख) हालसम्म भएको कामकाजको विवरण,

(ग) सम्बन्धित स्थानीय तहको सिफारिस,

(घ) वाद्यवादनका सामग्रीको सहयोग गरिदिने सम्बन्धी समितिको निर्णय,

(ङ) संस्था दर्ता भएको विधानको प्रमाणित छायाँप्रति,

(च) मन्त्रालयबाट विगतका आर्थिक वर्षहरूमा रु एक लाख वा सो भन्दा बढी सहयोग नपाएको र

(छ) नियमानुसार लेखा परीक्षण तथा कर चुक्ता गरेको।

तर यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको कार्यक्रम कार्यान्वयन दिग्दर्शन २०८२/०८३ मा उल्लिखित संस्थाहरूको सम्बन्धमा यस मन्त्रालयबाट सूचना प्रकाशित भए पश्चात सोझै पत्राचार गरी उक्त संस्थाहरूलाई अति आवश्यक भएका अधिकतम रु ६०,०००/- (साठी हजार रूपैयाँ) सम्मका वाद्यवादनका सामग्रीहरू मन्त्रालयको जिन्सी शाखाबाट खरिद गरी उपलब्ध गराइनेछ।

६. <u>वाद्यवादनका सामग्री सहयोग गरिने:</u> मन्त्रालयमा प्राप्त आवेदनहरूको मूल्याङ्कन गरी आवश्यकता तथा बजेटको परिधिभित्र रही सम्बन्धित कला संगीत संस्कृति लगायतको क्षेत्रमा कामकाज गरेका संघ संस्थाहरूलाई बढीमा रू. ६०,०००/- (साठी हजार रूपैयाँ) सम्मका वाद्यावादनका सामग्री खरिद गरी उपलब्ध गराइनेछ।

७. <u>विनियोजित रकमको बाँडफाँटः</u> (१) दफा ४ बमोजिमको समितिले सिफारिस गरेका संघ संस्थालाई बढीमा रू. ६०,०००/- (साठी हजार रूपैयाँ) सम्मका वाद्यावादनका सामग्री उपलब्ध गराइनेछ।

(२) कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रशासनिक खर्च बापतको एकमुष्ट रकम रु एकलाख हुनेछ।

घनश्याम भण्डारी
मा. मन्त्री

८. <u>दण्ड सजाय</u>: यस मापदण्ड बमोजिमको सहयोग लिन इच्छुक संघ संस्थाले गलत कागजात पेश गरेमा सोको जिम्मेवार सम्बन्धित संघ संस्था नै हुनेछ र निजलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

९. <u>अभिलेख राख्नुपर्ने</u>: मन्त्रालयले वाद्यवादनका सामग्री वितरण गरेको विवरणको अभिलेख राख्नुपर्नेछ।

१०. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस मापदण्डमा उल्लेख भएको विषयको हकमा यसै मापदण्ड बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

घनश्याम भण्डारी
मा. मन्त्री

अनुसूची

(दफा २ को खण्ड (ख) र दफा (३) को उपदफा (२) सँग सम्वन्धित)

<u>वाद्यवादनका सामग्री</u>

| क्र. सं. | वाद्यवादनका सामग्रीको नाम | कैफियत |
|---|---|---|
| १ | हार्मोनियम | |
| २ | तबला | |
| ३ | मादल | |
| ४ | ढोलक | |
| ५ | नाल | |
| ६ | बाँसुरी | |
| ७ | सारङ्गी | |
| ८ | गीतार | |
| ९ | मुजुरा | |
| १० | चाँप | |
| ११ | साउण्डसिस्टम | |
| १२ | दमाहा | |
| १३ | झ्याली | |
| १४ | सहनाइ | |
| १५ | नरसिङ्गा | |
| १६ | टयाम्के | |
| १७ | किरकिटी | |
| १८ | खागर | |
| १९ | खैंजडी | |
| २० | हुड्को | |
| २१ | वाद्यवादनसँग सम्बन्धित अन्य सामग्रीहरु | |

घनश्याम भण्डारी
मा. मन्त्री